आज मिति २०७४ भाद्र ९ गते, शुक्रबार दिनको ४:०० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बोर्ड बैठक भनपा वडा नं. २ स्थित नयां भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री कुमार चवाल

७. वडाध्यक्ष श्री प्रेम गोपाल कर्माचार्य

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री महेन्द्र खायमली

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखा

१३. नगर कार्यपालिका सदस्य श्री रोशन मैया सुवाल

१४. नगर कार्यपालिका सदस्य श्री छोरी मैया सुजखु (प्रजापति)

१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. नगर कार्यपालिका सदस्य श्री सरिना ह्योला

१७. नगर कार्यपालिका सदस्य श्री कृष्ण लक्ष्मी दुवाल

१८. सदस्य सचिव श्री रोहित राज पोखरेल

विषयहरु :-

१. जनप्रतिनिधि वहालीको १०० दिनको अवसरमा घर घरमा नर्सिङ्ग सेवा आरम्भ गर्नेबारे ।

२. गाईजात्रा मूल्यांकन सार्वजनिक गर्नेबारे ।

३. भ.न.पा.का वडा वडामा उठेको कर हप्ता हप्तामा भ.न.पा. कोषमा दाखिला गर्नेबारे ।

४. विविध

क. पर्यटन काउण्टरको लागि वाकिटाकीको व्यवस्था गर्नेबारे ।

ख. सफाई कर्मचारीहरुको व्यवस्थापनबारे ।

ग. ईन्जिनियरिङ्ग कलेजमा अध्ययनरत विद्यार्थीहरुलाई इन्टर्न गर्न दिनेबारे ।

घ. आर्थिक सहयोगबारे

**निर्णयहरु :-**

१. यस नगरपालिकामा जनप्रतिनिधिहरुले कार्यभार सम्हालेको सय दिन पुगेको अवसरमा निम्न मिति, समय र स्थानमा **'भक्तपुर नगरपालिकामा जनप्रतिनिधिहरुको सय दिन'** कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

मिति : २०७४ भाद्र १२ गते, सोमबार

समय : दिनको १:०० बजे

स्थान : स्टार बैंक्वेट, कमलविनायक, भक्तपुर

उक्त कार्यक्रमको लागि निम्नानुसार अतिथिहरुलाई आमन्त्रण गर्ने र देहाय बमोजिम कार्यक्रम तालिका तय गरियो :

प्रमुख अतिथि : माननीय सांसद नारायणमान बिजुक्छें (रोहित)

अतिथि : माननीय सांसद प्रेम सुवाल

अतिथि : माननीय सांसद अनुराधा थापामगर

अतिथि : सचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

अतिथि : प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, भक्तपुर ।

सभापति : सुनिल प्रजापति, प्रमुख

स्वागत मन्तव्य : रजनी जोशी, उपप्रमुख

संचालन : रविन्द्र ज्याख्व, वडाअध्यक्ष भ.न.पा. ९

धन्यवाद ज्ञापन : रोहित राज पोखरेल, कार्यकारी अधिकृत

२. यस वर्षको गाईजात्रा पर्वको अवसरमा सापारुको दिन प्रदर्शन गरिएका घिन्ताङघिंसी र माक प्याखँ तथा साउन २६ देखि ३० गतेसम्म प्रदर्शन गरिएका विभिन्न आधुनिक तथा परम्परागत सांस्कृतिक विधाहरुको

**मूल्यांकन गरी पुरस्कृत गर्न गठित मूल्यांकन समितिको सिफारिस अनुसार देहाय बमोजिमका सांस्कृतिक विधाहरु पुरस्कृत भएको निर्णय अनुमोदन गरियो ।**

**भक्तपुर नगरपालिकाद्वारा आयोजित गाईजात्रा पर्व २०७४ सालको उपलक्ष्यमा प्रदर्शन गरिएका साँस्कृतिक विधाहरुको परिणाम र पुरस्कार रकम (कर बाहेक)**

| क्र. सं. | साँस्कृतिक विधाहरुको नाम | प्रथम | द्वितीय | तृतीय | विशेष | सान्त्वना/सहभागी |
|---|---|---|---|---|---|---|
| १ | देवी प्याखं | गलसीपुःखु देवी प्याखं ३०,०००।- | श्री महाकाली देवी नाच २४,०००।- | | | |
| २ | भैल प्याखं | तुछिमला भैल प्याखं ३०,०००।- | विश्वकर्मा भैल प्याखं २४,०००।- | | | |
| ३ | माक प्याखं | यताव दाफा भजन १८,०००।- | कोट देवी दाफा भजन १२,०००।- | राधाकृष्ण भजन ८,०००।- | | गलसीपुःखु देवीप्याखं, सूर्यमढी, भनपा १ भार्वाचो, गणेश माक प्याखं ४,०००।- |
| ४ | जंगली प्याखं | निभा युवा क्लब १२,००००।- | चोर्चा बाँसुरी बाजा समूह ९,०००।- | गलसी पुःखु देवीप्याख ६,०००।- | | महाकाली देवी नाच ३,०००।- |
| ५ | खिचा प्याखं | चोर्चा बाँसुरी बाजा समूह १०,०००।- | विश्वकर्मा भैल प्याखं ८,०००।- | तुछिमला भैल प्याखं समूह ६,०००।- | | |
| ६ | ख्या प्याखं | गलसी पुःखु देवी प्याखं १०,०००।- | महाकाली देवी नाच ८,०००।- | विश्वकर्मा भैल प्याखं ६,०००।- | | |
| ७ | कवांचा प्याखं | विश्वकर्मा भैल प्याख १०,०००।- | निभा युवा क्लब ८,०००।- | गलसी पुःखु देवी प्याख ६,०००।- | | तुछिमला भैल प्याखं, महाकाली देवी नाच ३,०००।- |
| ८ | गाईचा प्याखं | आस्था सांस्कृतिक परिवार १८,०००।- | पासा पुचः समूह १२,०००।- | | | |
| ९ | लुसी/लिख्वा पियगु | | | | तलेजु गणेश लुसी प्याखं | |
| १० | नागाचा प्याखं | निभा युवा क्लब १२,०००।- | चोर्चा बाँसुरी बाजा समूह ९,०००।- | | | |
| ११ | लाखे प्याखं | पासा पुचः समूह १२,०००।- | निभा युवा क्लब ९,०००।- | | | |
| १२ | कलाली प्याखं | पासा पुचः समूह १२,०००।- | तलेजु गणेश ९,०००।- | | | |
| १३ | झ्याउरी/लाहुरे प्याखं | | | | पासा पुचः समूह | |
| १४ | फाकंदली प्याखं | आस्था सांस्कृतिक परिवार १८,०००।- | पासा पुचः समूह १२,०००।- | तलेजु गणेश लुसी प्याखं ८,०००।- | | यताव दाफा भजन, राधाकृष्ण दाफा भजन ४,०००।- |
| १५ | म्हेखा प्याखं | | | | गलसी पुःखु देवी प्याखं | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६ | ख्याल प्याख | | | | ने.क्रा.वि.सं.<br>नगर समिति,<br>स्कलर्स होम | |
| १७ | सिलु वानेगु | | | | देगमना परिवार | |

भक्तपुर नगरपालिकाद्वारा आयोजित गाईजात्रा पर्व २०७४ सालको उपलक्ष्यमा भएको
घिङताङघिसी (सापारु) मूल्यांकनको परिणाम र पुरस्कार रकम (कर बाहेक)

| क्र.सं. | समूह | ठेगाना | परिणाम |
|---|---|---|---|
| १ | केदार प्रजापति | बोलाछें भनपा ४ | प्रथम<br>१५,०००।- |
| २ | नारायण भक्त बनमाला | चोर्चा भनपा ७ | द्वितीय<br>१२,०००।- |
| ३ | आस बहादुर सितिखु | दाम्लाचा भनपा ६ | तृतीय<br>१०,०००।- |
| ४ | जगत बहादुर त्वायना | घट्खा भनपा ३ | सान्त्वना<br>५,०००।- |
| ५ | ने.क्रा.वि.सं. | भनपा १० | सान्त्वना<br>५,०००।- |

- उत्कृष्ट कलाकार : कृष्ण प्रसाद बनमाला (नारायण भक्त बनमालाको रावण सहितको २,०००।- घिङ्ताङ्घिसीबाट)

३. यस नगरपालिका अन्तर्गत वडा नं. १ देखि १० सम्मका वडा कार्यालयहरुबाट विभिन्न सिफारिस दस्तुर समेत उठेको रकम यस नगरपालिकामा महिना महिनामा दाखिला गरी आएकोमा अबउपरान्त वडाहरुबाट उठेको रकम भक्तपुर नगरपालिकामा हप्ता हप्तामा कोषमा दाखिला गर्न लगाउने निर्णय गरियो ।

४.क. यस नगरपालिकाको प्रथम नगर सभाबाट पारित कार्यक्रम अनुसार घरदैलो नर्सिङ्ग कार्यक्रम पहिलो चरणको लागि वडा नं. ३, ४ र ६ मा संचालन गर्ने निर्णय गरियो ।

ख. आउँदो भाद्र १२ गते आयोजना गरिने 'भक्तपुर नगरपालिकामा जनप्रतिनिधिहरुको सय दिन' कार्यक्रममा गाईजात्रामा प्रस्तुत गरिएका सांस्कृतिक विधाहरुको परिणाम तथा घरदैलो नर्सिङ्ग संचालनको घोषणा गर्ने निर्णय गरियो ।

ग. यस नगरपालिका अन्तर्गत पर्यटक काउण्टरमा कार्यरत कर्मचारीहरुबीच समन्वय गर्न तथा पर्यटकहरुबारे सूचना प्रवाह गर्ने उद्देश्यले वाकीटाकी खरिद गर्ने प्रक्रियालाई अगाडि बढाउने निर्णय गरियो ।

घ. भक्तपुर नगरपालिका क्षेत्रको कला र सम्पदाको अनुसन्धान गर्ने ध्ययेले ख्वप इन्जिनियरिङ्ग कलेजमा आर्किटेक्चर विषयमा नवौं सेमेष्टरमा अध्ययनरत निम्न विद्यार्थीहरुलाई नगरपालिकामा इन्टर्नसीप गराउने निर्णय गरियो :

**तपसिल**

१. विकल दुमरु
२. राजिव सुवाल जरेजु
३. इन्सिया श्रेष्ठ
४. मनिका बासुकला
५. अमन लाखाजु

ङ. यस नगरपालिकाका वडाहरुमा सरसफाइका गतिविधिलाई थप प्रभावकारी बनाउने उद्देश्यले सफाई मजदुरहरुको आन्तरिक व्यवस्थापन गर्ने निर्णय गरियो । व्यवस्थापन गरिएका सफाई मजदुरहरुको परिवर्तित कार्य क्षेत्र र विवरण यसै माइन्यूटमा टांसिएको छ ।

च. गुँलां ङकधलँ व्यवस्थापन समिति, सा कोलांले नौबाजा खरिदका लागि मिति २०७४ साउन २ गते यस नगरपालिकामा दर्ता गरेको पत्रमाथि छलफल हुंदा परम्परागत सांस्कृतिक विधाको संरक्षण र सम्वर्द्धन गर्ने हेतुले उक्त समितिलाई रु.५०,०००। (पचास हजार रुपैया) मात्र आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

छ. यस नगरपालिकाको प्रेस हाल बिग्रिएको हुंदा पर्यटकहरुलाई वितरण गरिने ६ वटा भाषाको ब्रसरहरु छपाईका लागि बाहिरको प्रेसलाई जिम्मा दिने निर्णय गरियो ।

ज. मिति २०७४।३।५ मा नेपाल राजपत्रमा प्रकाशित स्थानीय तहमा प्रशासनिक संगठन तथा कर्मचारी व्यवस्थापन सम्बन्धी आदेश २०७४ बमोजिम यस नगरपालिकामा विभिन्न सरकारी कार्यालयबाट काजमा खटाइएका कर्मचारीहरुमध्ये नगरपालिका क्षेत्रभित्र कार्यालय रहेका देहायका कार्यालयहरुका कर्मचारीहरुको हकमा तलव भत्ता यस न.पा.बाट खाने गरी काजमा खटाई पठाइएका कर्मचारीहरुको सम्बन्धित कार्यालयबाट हाजिर रेकर्ड र कार्य प्रगति विवरण लिई नियमानुसार तलव भत्ता ख्वाउने र विद्यालयहरुको हकमा जिल्ला शिक्षा कार्यालयको प्रतिवेदनको आधारमा तलव भत्ताको लागि निकासा पठाउने निर्णय गरियो।

**<u>तपसिल</u>**

१. जिल्ला शिक्षा कार्यालय, भक्तपुर
२. जिल्ला जनस्वास्थ्य कार्यालय, भक्तपुर।
३. जिल्ला पशु सेवा कार्यालय, भक्तपुर।
४. जिल्ला कृषि विकास कार्यालय, भक्तपुर।
५. जिल्ला आर्युवेदिक स्वास्थ्य केन्द्र, भक्तपुर।
६. महिला तथा बाल विकास कार्यालय,भक्तपुर
७. जिल्ला वन कार्यालय, भक्तपुर
८. घरेलु तथा साना उद्योग कार्यालय, भक्तपुर।